आज मिति २०८१ / ०६ / ०८ गतेका दिन यस चुमनुब्री गाउँपालिकाका अध्यक्ष श्री निमा लामाज्यु, को अध्यक्षतामा गाँउकार्यपालिकाको बैठक बसि तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | निमा लामा | अध्यक्ष | |
| २ | लक्ष्मी गुरुङ | उपाध्यक्ष | |
| ३ | कर्मा छेवाङ लामा | वडा अध्यक्ष | |
| ४ | मिङग्युर दोर्जे लामा | वडा अध्यक्ष | |
| ५ | राम कुमार गुरुङ | वडा अध्यक्ष | |
| ६ | पेमा ग्यलपो लामा | वडा अध्यक्ष | |
| ७ | कालेन छेवाङ लामा | वडा अध्यक्ष | |
| ८ | सरोज लामा | वडा अध्यक्ष | |
| ९ | टसी दोर्जे लामा | वडा अध्यक्ष | |
| १० | कुन्छोक डोल्मा लामा | कार्यपालिका सदस्य | |
| ११ | रुवेश घले | कार्यपालिका सदस्य | |
| १२ | गणेश बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | छिरिङ भुटी लामा | कार्यपालिका सदस्य | |
| १४ | ढोल्मा लामा | कार्यपालिका सदस्य | |
| १५ | सुनाम साङमो | कार्यपालिका सदस्य | |
| १५ | मनोज लामिछाने | सदस्य-सचिव | |

अन्य उपस्थितिः

| क्र.स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गिरिजा प्रसाद रिजाल | लेखा प्रमुख | |
| २ | सन्दिप रेग्मी | सुचना प्रविधि शाखा प्रमुख | |

CamScanner

कार्यपालिका बैठक मिति : २०८१।०६।०८ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०६।०५ गते।

मिति २०८१।०६।०८ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. स्थानीय पाठ्यक्रम सम्बन्धमा।
२. योजना संशोधन सम्बन्धमा।
३. विपद व्यवस्थापनका योजना सम्बन्धमा।
४. प्रधानमन्त्री रोजगार कार्यक्रममा योजना छनौट सम्बन्धमा।
५. स्थानीय शिक्षा योजना निर्माण सम्बन्धमा।
६. कुकुर नियन्त्रण तथा बन्ध्याकरण सम्बन्धमा।
७. पोस्योप पिक सम्बन्धमा।
८. झोलुंगे पुल निर्माण सम्बन्धमा।
९. प्रस्ताव पेश गर्ने सम्बन्धमा।

निर्णयहरू

१. प्रस्ताव नं १ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा चुमनुब्री सेरोफेरो तथा चुमनुब्री स्थानीय पाठ्यक्रम निर्माणका लागि इडल सस्टेनेबल सोलुसन प्रा ली बीच सम्झौता भई निर्माण भएको स्थानीय पाठ्यक्रमलाई चुमनुब्री गाउँ शिक्षा समितिको सिफारिस बमोजिम स्विकृत गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा आ व २०८१।८२ को वार्षिक स्विकृत कार्यक्रमको कामको प्रकृति फरक नपर्ने गरी देहायका योजनाका नाम संशोधन गर्ने निर्णय गरियो।

| सि नं | योजनाको नाम र स्थान | संशोधन हुनु पर्ने नाम र स्थान | बजेट |
|---|---|---|---|
| १ | क्र्याक छयोकाङ गुम्बा गेट पर्खाल निर्माण योजना, चुमनुब्री-५ | लाङबुक खोला देखी सेराङ गुम्बा जाने बाटो निर्माण योजना | रू १० लाख |
| २ | ल्हो सामुदायिक भवन घेरावार निर्माण योजना | ल्हो सामुदायिक भवन मर्मत तथा किचन व्यवस्थापन योजना | रू ८ लाख |

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा २०८१ को मनसुन वर्षाका कारण भएका विपद क्षतिबाट प्रभावित विविध संरचनाको मर्मत सम्भार तथा निर्माण स्वरूप देहायका योजनाको प्राविधिक मूल्यांकनका आधारमा विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भुक्तानी दिने निर्णय गरियो।

| सि नं | योजनाको नाम | स्थान | कै |
|---|---|---|---|
| १ | घ्याबो खोला काठेपुल निर्माण | चुमनुब्री-१ सामागाउँ | |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

निमा लामा
अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| २ | लेला बाटो मर्मत | चुमनुब्री-१ सामागाउँ | |
| ३ | दुङसुङ खोला काठेपुल निर्माण | चुमनुब्री-२ ल्हो | |
| ४ | गाङनाङ बाटो मर्मत | चुमनुब्री-२ ल्हो | |
| ५ | सर्स्युआँगा बाटो मर्मत | चुमनुब्री-३ सर्स्यु | |
| ६ | फिलिम पाती बाटो मर्मत | चुमनुब्री-३ | |
| ७ | माँझे-प्रोक बाटो मर्मत | चुमनुब्री-४ प्रोक | |
| ८ | कोया-खोला बाटो मर्मत | चुमनुब्री-५ विहि | |
| ९ | चुम्लिङ-चुम्चेत लघुजलविद्युत मुहान मर्मत | चुमनुब्री-६ | |
| १० | घुम्चे-सिप्चेत बाटो मर्मत | चुमनुब्री-६ | |
| ११ | खङ्ग्यू खोला काठेपुल मर्मत | चुमनुब्री-७ | |
| १२ | नाङ्ग्यू खोला काठेपुल निर्माण | चुमनुब्री-७ | |
| १३ | पाङसिङ कानीगाउँ पहिरो नियन्त्रण | चुमनुब्री-३ | |

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ व २०८१।८२ मा देहायका योजना प्राविधिकबाट सर्भे, अनुगमन तथा मुल्यांकन गराई सञ्चालन गर्ने र कार्यसम्पन्न भएपश्चात कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने निर्णय गरियो।

| सि नं | योजनाको नाम | स्थान | स्रोत | कै |
|---|---|---|---|---|
| १ | ल्हो झो पु देखी दुङसुङ बाटो निर्माण | चुमनुब्री-२ ल्हो | नेपाल सरकार | |
| २ | प्रोक-कालताल बाटो मर्मत | चुमनुब्री-४ प्रोक | नेपाल सरकार | |
| ३ | गाप-क्वाक जाने बाटो मर्मत | चुमनुब्री-प्रोक | नेपाल सरकार | |
| ४ | भञ्जागाङ देखी भुमराङ सम्म बाटो निर्माण | चुमनुब्री-५ विहि | युवा रोजगार कार्यक्रम | |
| ५ | क्युतुर देखि वाङसुर जाने बाटो निर्माण | चुमनुब्री-५ विहि | युवा रोजगार कार्यक्रम | |
| ६ | खातेत देखि तितुर जाने बाटो निर्माण | चुमनुब्री-५ विहि | युवा रोजगार कार्यक्रम | |

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ८ | लार स्तुपा संरक्षण योजना | चुमनुब्री-७ लार | नेपाल सरकार | |
| ९ | झोङ खोला पहिरो नियन्त्रण योजना | चुमनुब्री-७ झोङ | नेपाल सरकार | |
| १० | चौतारो डाँडो देखि ब्लाक्सी प्ले सम्म बाटो निर्माण | चुमनुब्री-३ भालुवान | नेपाल सरकार | |
| ११ | पाङसिङ गाउँदेखि गुम्बा सम्म बाटो निर्माण | चुमनुब्री-३ पाङसिङ | नेपाल सरकार | |
| १२ | सिर्दिवास गाउँ देखि मुल बाटो सम्म बाटो निर्माण | चुमनुब्री-३ सिर्दिवास | नेपाल सरकार | |
| १३ | माने डाँडा देखि आगा गाउँ सम्म जाने बाटो निर्माण | सिर्दिवास-३ आँगा | नेपाल सरकार | |

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माणका लागि रु बजेट भैपरी चालु खर्चबाट विनियोजन गर्ने र शिक्षा योजना निर्माण समिति तपसिलका पदाधिकारीको संलग्नतामा गठन गर्ने निर्णय गरियो।

संयोजक: श्री सरोज लामा, ६ नं वडा अध्यक्ष

सदस्य : श्री सन्दीप रेग्मी, कम्प्युटर अपरेटर पाँचौ तह

सदस्य : श्री सुदर्शन कुमाल, प्रा वि तृतिय श्री बुद्ध मा वि फिलिम

सदस्य सचिव : श्री वासु देव वली, शिक्षा शाखा प्रमुख

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा H.E.L.P. नेपाल संस्थाको मिति २०८१।०५।०२ को पत्रानुसार उक्त संस्थाले सामागाउँमा पशु चिकित्सक नियुक्त गर्ने, पदयात्रा मार्गमा सूचना पोष्टर राख्ने, क्यामेरा ट्र्याप र ड्रोन परियोजना, कुकर टोकाईको रिपोर्टिङ गर्ने कार्य सहितको सहयोग र समर्थनको अपेक्षा गरेकोमा कुकुर हेरचाहका लागि वडा-वडामा शुल्क तत्काल नउठाउने तथा ड्रोन परियोजना सञ्चालन गर्दा जिल्ला प्रशासन कार्यालय तथा प्रहरी चौकीसँग अनुमती एवं समन्वय गर्ने गरि अन्य कार्यमा गाउँपालिकासँग समन्वय र सहकार्य गरी अघि बढ्ने बेहोराको जानकारी दिदैं उक्त संस्थालाई पत्राचार गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ७ छुले नजिकै रहेको पोस्योप पिक तहाँको स्थानीयवासीको जनविश्वास, धार्मिक तथा साँस्कृतिक महत्व तथा उक्त पिकमा अत्याधिक पहिरो गईरहने र आरोहण तथा अवलोकन गर्न पनि निकै नै जोखिम रहेको विषयलाई मध्येनजर गर्दै स्थानीय वासिन्दाको माग अनुसार उक्त पोस्योप पिकलाई आरोहण योग्य हिमालको सुचिबाट हटाईदिन पर्यटन विभागलाई लेखि पठाउने निर्णय गरियो।

निमा लामा
अध्यक्ष

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ३ स्थित सल्लेरी पाती जोड्ने झोलंगे पुल निर्माणका लागि संघीय सरकारबाट बजेट विनियोजन भएकोमा आवश्यकता तथा औचित्यतता अनुसार उक्त झोलुंगे पुल वडा नं ३ अन्तर्गत फिलिम पाती जोड्ने गरी निर्माण गरिदिन स्थानीय पूर्वाधार विभागलाई अनुरोध गर्ने निर्णय गरियो।

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय गोरखाको च नं ७७, मिति २०८१।०५।२८ को पत्रानुसार जिल्ला समन्वय समिति गोरखाको मौज्दात कोषबाट यस गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि २ करोड रूपैँया माग गर्ने र लागत अनुमानको बाँकी रकम अन्य निकाय र गाउँपालिकाले साझेदारी गर्ने गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो।

निमा लामा
अध्यक्ष

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत